बैठक नं: १

आज मिति २०७४।११।६ गतेका दिन ५ नं प्रदेश, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव श्री शंकर प्रसाद पाठकको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको निर्णय भयो।

उपस्थिति

| | | |
|---|---|---|
| श्री शंकर प्रसाद पाठक | – प्रमुख सचिव | – मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| निर्मला अधिकारी भट्टराई | – सचिव | " " |
| दिपेन्द्र काफ्ले | – " | " " |
| धानेश्वर गौतम | – " | – आर्थिक मामिला तथा योजना मन्त्रालय |
| प्रेम प्रसाद भट्टराई | – " | – आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| सूर्यकान्त सिग्देल | – " | – उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| यज्ञनारायण देवकोटा | – " | – भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| पुष्करराज पन्त | – " | – सामाजिक विकास मन्त्रालय |
| डा० प्रेम बहादुर विक | – " | – प्रदेशसभा सचिवालय |

प्रस्ताव र निर्णयहरु

प्रस्ताव नं १ :- सचिवहरुको मर्यादाक्रम सम्बन्धमा।
" " २ :- मासिक/साप्ताहिक सचिव बैठक सम्बन्धमा।
३ :- सवारी साधन व्यवस्थापन सम्बन्धमा।
४ :- आवास व्यवस्थापन सम्बन्धमा।
५ :- कर्मचारी आवास व्यवस्थापन सम्बन्धमा।

कृ.प.उ.

निर्णय नं.

१। सचिव बैठकमा सचिवहरुको मर्यादाक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय पछि अन्य मन्त्रालयको Alphabetical Order बमोजिम राख्ने ।

२। सचिवस्तरिय बैठक हरेक आइतवार दिनको ३।०० बजे र अन्य बैठक आवश्यकता बमोजिम बस्ने ।

३। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अन्य मन्त्रालयहरुको सवारी साधन व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री दिपेन्द्र काफ्लेको संयोजकत्वमा एक समिति गठन गर्ने । समितिमा हरेक मन्त्रालयका उपसचिवस्तर एक/एक जना कर्मचारी सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रशासन शाखा प्रमुख यमकान्त पाण्डेय सदस्य सचिव रहने व्यवस्थागर्ने । समितिले कुन सवारी साधन कुन निकाय वा पदाधिकारीलाई उपलब्ध गराउने हो सो बिषयमा प्रमुख सचिव समक्ष सिफारिश गर्ने । नियामानुसार बैठक भत्ता पाउने व्यवस्थागर्ने ।

४। मुख्यमन्त्री लगायत आवास सुविधा पाउने पदाधिकारीहरुलाई आवाश व्यवस्थापना क्रममा लाग्ने लागतको लागि इष्टिमेट शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय,रुपन्देहीले तयार गरी आवश्यक पर्ने बजेट केन्द्रसंग माग गर्ने ।

५। ५ नं. प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा मन्त्रालय अर्न्तगत कार्यरत प्रमुख सचिव, सचिव र अन्य कर्मचारीहरुलाई आवास व्यवस्थापन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका उपसचिव सदस्य सचिव रहने गरी आवाश व्यवस्थापन समिति बनाउने । समितिमा हरेक मन्त्रालयबाट एक।एक जना उपसमिति तथा बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सदस्य रहने व्यवस्था गर्ने । समितिले हालसम्म हेरिएका सम्भावित स्थानहरुलाई प्राथमिकतामा राखी स्थान छनौट गर्ने तथा अन्य स्थानहरुको खोजीगर्ने ।